अन्तिम लेखापरीक्षण प्रतिवेदन

सन्धिखर्क नगरपालिका
अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सन्धिखर्क नगरपालिका
अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

सन्धिखर्क नगरपालिका

अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

महालेखापरीक्षक

२०८१ जेष्ठ ११

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

मितिः २०८१।१।२७

प.सं. २०८०।८१

च.नं. ४६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुखज्यू ,

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

अर्घाखाँची ।

१. कैफियत सहितको राय

हामीले सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले सन्धिखर्क नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. सन्धिखर्क नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ७ लाख ३३ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.११ लाख ६० हजार प्रतिक्रियाबाट फर्सयौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१२ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु.७६ लाख ५२ हजार र पेश्की रु.६ लाख ४८ हजार रहेको छ । सन्धिखर्क नगरपालिकाको गतवर्ष सम्म रु. २ करोड ७४ लाख ८८ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३ करोड ७० लाख ६१ हजार रहेको छ। सन्धिखर्क नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

नायब महालेखापरीक्षक

सन्धिखर्क नगरपालिका, अर्घाखाँची

१. चालु वर्षको बेरुजु २०७९।८०

बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रकम रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७३	६९	१०७३३	०	५	११६०	७३	६४	९५७३	१२७२	७६५३	०	०	०	७६५३	६४८

२. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रकम रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सन्धिखर्क नगरपालिका ,अर्घाखाँची	५४१५५	०	२६६६७	२७४८८	०	९५७३	३७०६१

३. बेरुजु सम्परीक्षणको विवरण

आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
२०७९।८०	४६,३८,१७.२ ,४९,२.५	विभिन्न	११६०४३३
गत विगत वर्षतर्फको			२६६६७२८०
कुल जम्मा			२७८२७७१२

१ **क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १२९.४२ वर्ग किलोमिटर तथा ४१९१७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - सन्धिखर्क नगरपालिकाको प्राप्ति तथा भुक्तानीतर्फ रु.२ अर्ब २७ करोड ३३ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण **अनुसूची -१** मा संलग्न छ ।

२ वित्तीय विवरण परीक्षण

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः म ले प फा न २७२ **अनुसुची- २ मा** संलग्न छ ।

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता** -पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९७५२६९५८,गरिबसँग विशेश्वरको रु.४५५५००,स्थानीयतह प्रशासकीय पूर्वाधारको रु.२००००००,भाषा तथा संस्कृतिको रु.१००००००,प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.६४५३६७६,लैंगिक मूलप्रवाहीकरणको रु.७८९३८० र विविध कोषको रु.१३५३९०५५ गरी रु.२२१७६४५६९ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको एकिकृत वार्षिक प्रतिवेदन पूर्ण देखिदैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने व्यवस्था मिलाई सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब** –यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.२१५०८६४८३.७२, यस वर्षको भुक्तानी रु.२२४८९३५०२.४७ र बैङ्क मौज्दात रु.९३४८४२३.०४ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	७६६१८९४२.६०	९४२७३३७९५.२७	९४९२९६६५८.०३	७००५६०७९.८४
एकीकृत आर्थिक विवरणअनुसार(धरौटी समेतको)	७६६१८९४२.६०	११५७८२०२७८.९९	११७४१९०१६०.५०	६०७०७६५६.८०
फरक	०.००	२१५०८६४८३.७२	२२४८९३५०२.४७	९३४८४२३.०४

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ ।पालिकाले सो अनुसार हिसाव मिलान विवरण तयार गरेकोले स्रेस्ता र बैङ्कमा फरक परेको छैन ।

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.
स्थानीय तह सञ्चित कोष खाता	२०१८८७९१.००	२०१८८७९१.००
प्रकोप व्यवस्थापन कोष	१९६८६९५.३८	१९६८६९५.३८
धरौटी	२४९०१११५.३५	२४९०१११५.३५

सैद्धान्तिक बेरुजु

२.५ **कर दायित्वः** ✂.........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१९६५९१।- सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेता पनि पूर्ण पालना भएको देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

•पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यसबर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन स्वीकृत ढाँचा अनुसार तयार गरेको पाईएन ।

•विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाईयो ।

•कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

•ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।

•पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएकोले यसबर्ष कार्यसम्पन्न भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार हस्तान्तरण भएको पाइएन ।

•वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६४ को दफा १४ र १९ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गरेको पाइएन

•मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन ।

•पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन ।

•कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, नापी मूल्याङ्कन गरेको, जाँच गरेको, स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख नभएको ।

•निर्माण कार्यको कार्यसम्पन्न प्रविदेन अनुसार नापी किताव तयार गरी उक्त नापी कितावलाई नियमको प्रावधान अनुरुप अद्यावधिक गरी राख्नुपर्नेमा योजनाहरुको नापी लुज पेपरमा भर्ने गरेको पाइयो।

•जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको।

•पालिकाले यो बर्ष कर्मचारी पारिश्रमिकमा रु.२८५२९२२७ खर्च गरेकोमा नियमानुसार तलवी प्रतिवेदन पारित गरेको छैन ।

•स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार नक्सा पास गरि भवन निर्माण गर्नुपर्नेमा पालिकाको आफ्नो प्रशासकीय भवनको समेत नक्सा पास गरेको देखिएन।

•पालिकाले विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा नदिजन्य पदार्थमा लाग्ने रोयल्टी रकम समावेश गरि लागत अनुमान तयारी एंवम सम्झौता गरि भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन ।पालिकाले योजनामा उपयोग हुने नदिजन्य पदार्थको रोयल्टी असुल गरि पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

पालिकाले स्वीकृत आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **आन्तरिक लेखापरीक्षण** - आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा रहेता पनि चौमासिक रुपमा लेखापरीक्षण भएको छैन । त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(३) मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्नेमा गराएको छैन। चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराइ सो बाट देखिएका व्यहोराहरुमा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ बजेट तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं पूर्ण पालना गर्न सकेको छैन ।

सैद्धान्तिक बेरुजु

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७

दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।९ मा रु.१ अर्व १९ करोड ६९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **रकमान्तर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु.३८८८७०५४ रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको पालना गरी पूँजीगततर्फ मात्र रकमान्तर गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.५ **बजेट अवण्डा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु ३६ लाख ९९ हजार पूरानो प्रशासनिक भवन पूर्णता तथा विभिन्न योजना म्याचिङमा अबण्डा वजेट राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको बिभिन्न मिति को निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **त्रैमासिक पूँजीगत खर्च** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रगति विवरण तयार नगरेकोमा उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	

पुँजीगत खर्चतर्फ	४९३९८२७५१	५१३८५३४२	४१८५२२५५	१०७३९७५६५	२९३३४७५८९	१४९४०५०६७
प्रतिशत	१००	१०.४०	८.४८	२१.७४	५९.३८	३०.२४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४९३९८२७५१ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५१३८५३४२(१०.४०प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४१८५२२५५ (८.४८प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.१०७३९७५६५ (२१.७४ प्रतिशत), चौथो त्रैमासिकमा रु.२९३३४७५८९(५९.३८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४९४०५०६७ (३०.२४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरि सन्तुलित रुपमा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **योजना प्राथमिकीकरण** – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल ७११ योजनामा वजेट विनियोजन गरेको छ।

रु.१ लाख सम्म	रु.१ लाखदेखि २ लाखसम्म	रु.२ लाखदेखि ५ लाखसम्म	रु.५ लाखदेखि १० लाखसम्म	रु.१० लाख भन्दा बढीको	जम्मा
१७६	२११	१३४	११२	७८	७११

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७०५ योजनामात्र कार्यान्वयन भई ६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण** – पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३५०९१९०२.९४ राजस्व बाँडफाँड र अनुदानबाट रु.१०९४५४९१४०.०५ समेत रु.११२९६४१०४२.९९ आम्दानी भएकोमा चालु तर्फ रु.४४८२८५०९० र पूँजिगत तर्फ रु.४९३९८२७५१ समेत रु.९४२२६७८४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.७२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१४८९४००० खर्च भएको छ जुन आन्तरिक आयको ४२.४४ प्रतिशत रहेको छ ।

पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४०.९६ प्रतिशत चालु र ४५.१३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले चालु प्रकृतिका योजना तथा कार्यक्रम समेत पूँजीगत तर्फका कार्यक्रममा समावेश गरेका कारण पूँजीगत निर्माण खर्च प्रतिशत वढी भएता पनि प्रशासनिक कार्यमा नै बढी खर्च गरेको अवस्था छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **लक्ष्य प्रगति** – कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । पालिकाले पेश गरेको विवरण अनुसार योजनाको प्रगति स्थिति देहाय बमोजिम रहेको पाइयो ।

कार्यक्रम/योजना	**कुल योजना**	**वार्षिक प्रगति स्थिति**			
		शून्य प्रगति	**२५%सम्म प्रगति**	**५०% सम्म प्रगति**	**७५% सम्म प्रगति**
योजना संख्या	७११	६	१	३	३

उल्लेखित विवरण अनुसार कुल ७११ योजना मध्ये ६ योजनामा शुन्य प्रगति, १ योजनामा २५ प्रतिशत प्रगति, ३ योजनामा ५० प्रतिशत सम्म र ७५ प्रतिशत सम्म प्रगति भएका योजना संख्या ३ रहेको पाइयो । लक्ष्य अनुसार बजेट खर्च गरी कार्यप्रगति हासिल गर्ने र निर्धारित ढाँचा अनुसार वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** – स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत**
१	आर्थिक विकास	८५९३२२००	६१४७१७९५.००	६.५२
२	पूर्वाधार विकास	३७७७४९५७४	३६१६०९६४०.४	३८.३८
३	सामाजिक विकास	४३४३६४०००	४०३४२४९४९.२३	४२.८१
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३४३४४०००.००	२९२६७०७७.००	३.१२
५	अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक	१०२८५८४१६	८६४९४३८०.२१	९.१७
जम्मा		१०३५२४८१९०	९४२२६७८४१.८३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४२.८१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३.१२ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१० संगठन तथा कर्मचारी व्यवस्थापन

१०.१ **तह वृद्धि** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ मा स्थानीय सेवाको शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून वमोजिम हुने व्यवस्था छ । साथै दफा ८८ मा स्थानीय सेवाका कर्मचारीहरुको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ ।अर्थ मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको २०७९ साउन १ गतेदेखि लागु तलबमान अनुसार तलब भुक्तानी हुनुपर्दछ ।

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस वर्ष आयोगको परामर्श लिई ७ जना कर्मचारीहरुको स्तर वृद्धि गरेको छ ।

सैद्धान्तिक बेरुजु

१०.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन प्रतिवेदन सभाबाट पारित गरि सो अनुसार १ कम्प्युटर अपरेटर र ७ सहायक कम्प्युटर अपरेटर लगायत विभिन्न पदमा २७ जना कर्मचारीहरू करारमा राखि रु.११०५६००० खर्च लेखेको छ ।

सैद्धान्तिक बेरुजु

१०.३ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष कर्मचारी संचारमा रु.४७९५०० खर्च लेखेको छ ।पालिकाको आन्तरिक आयश्रोत सुदृढ र मजवुत नभएको अवस्थामा यस्तो भत्ता वितरण गर्दा थप आर्थिक व्ययभार पर्न जाने देखिएकोले प्रोत्साहन भत्ता वितरण कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.४ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष राजश्व बाँडफाडवाट कर्मचारी कल्याण कोषमा रु.१० लाख रकम ट्रान्सफर गरेको छ ।कोष सञ्चालनको कार्यविधि तयार नगरी अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।पालिकाले कोष सञ्चालन कार्यविधि तयार गरि कर्मचारीको समेत योगदान हुने गरी कोष सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ कानून निर्माण एंव कार्यान्वयन

११.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, ९ वटा नियमावली, ६५ कार्यविधि लगायत १०३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । निर्माण भएका कानुनहरु कार्यान्वयन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलापको माध्यमबाट विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्योंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको ११ गरी कुल १२ विवाद दर्ता भएकोमा ८ वटा मात्र फस्योंट भई ४ बाँकी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको छ । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा पालिकाले उक्त प्रोफाइल अद्यावधिक गर्दै जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **खर्चमा मितव्यिता कायम गर्नुपर्ने** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

खर्च तर्फ	बार्षिक खर्च रकम
विविध खर्च	२८०२८९७
आर्थिक सहायता	१४७७५९१
बैठक भता	१८४७२०१

•निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो ।
•विविध खर्चको प्रयोजन नखुलेको आवश्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो ।
यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **पेश्की व्यवस्थापन**

१४.१ **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्योँट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योँट नभई रु.६४८००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.६४८००० फस्योँट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार असुल फस्योँट गर्नुपर्ने रु.

क स	**प्रयोजन**	**पेश्की लिनेको नाम**	**रकम**
१	आर्थिक सहायता	बाल बहादुर जि सी	३०००००
२	आर्थिक सहायता	बाल बहादुर जि सी	२०००००
३	सूचनाको हक प्रवर्द्धन	मुक्तिनाथ भुसाल	१४८०००
			६४८०००

पेश्की	६,४८,०००

१४.२ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न निर्माण कार्यको लागि निर्माण व्यवसायीलाइ रु.१७४८६६०० पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

क स	प्रयोजन	पेश्की लिनेको नाम	रकम
१	ढोरपाटन सडक (देउराली) वेहोरे कुर पललावारी दुवार गच्छे मोटरबाटो	पि.टि.आर.अधिकारी-पौडेल -श्रीकृष्ण जे.भी.	६६४८०००
२	भगवती आधारभूत विद्यालय भवन निर्माण सनपा ९	के.सी.-प्रतिभा-श्रृजना जे.भी.	६१४०००
३	सहिद सरला मार्ग ग्रामिण सडक स्तरउन्नती वडा नं. ३	शहिद निर्माण सेवा	१७९९०००
४	रिठेखोला माझहटिया जरेखोला ग्रामिण सडक स्तरउन्नती वडा नं.४	नयाँ नेपाल निर्माण सेवा उद्योग	२३५३०००
५	सुपादेउराली मन्दिर परिसर ज्येष्ठ नागरिक अवासगृह तथा धर्मशाला निर्माण	शाब्दिक इन्जिनियरिङ एण्ड कन्ट्रकसन प्रा. लि	२६३३६००
६	ऐतिहासिक चौविसे राज्य अन्तर्गतको खाँची दरवार पुन. निर्माण तथा पहुँचमार्ग निर्माण वडा नं. ७	रिमार्केवल बिल्डर्स प्राइभेट लिमिटेड	२६३९०००
७	सन्धिखर्क नगरपालिका क्षेत्रभित्र सडक बत्ती खरिद तथा जडान	मिश्र निर्माण सेवा /सप्लायर्स	८०००००
		जम्मा	१७४८६६००

सैद्धान्तिक बेरुजु

१५ आन्तरिक आय तर्फ

१५.१ **आन्तरिक आय** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । पालिकाले पेश गरेको विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.५७ प्रतिशत मात्र रहेको

छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९८३९२३०२१	३५०९१९०२	३.५७

सैद्धान्तिक बेरुजु

१५.२ **आय अनुमान** -स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत,कर,सेवा शुल्क,दस्तुर वापत अनुमानित रु.३ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३७५६८५४९ अर्थात अनुमान भन्दा २५.२२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१५.३ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर,घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२५०००००	२२४२१८१	८९.६८
घरजग्गा वहाल कर	२६०००००	२७०७१३४.३७	१०४
व्यवसाय कर	२७०००००	२९६०२५५	१०९.६४
वहाल विरौटी शुल्क	१००००००	१४४२२७९	१४४.२२
अन्य	२१२०००००	२८२१६७००	१३३.१०
जम्मा	३०००००००	३७५६८५४९	१२५.२३

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान एवम् असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याइ कर असुली गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५.४ **आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्रतगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ ठेक्कामा सम्झौता गर्दा समयमा राजश्व दाखिला नगर्नेलाइ विलम्ब शुल्क लिने गरि सम्झौता गरेको छ । नगरपालिकाले नदीजन्य पदार्थको ठेक्का लगाउदा समयमा राजश्व दाखिला नगर्नेलाइ जरिवाना लगाउने गरि सम्झौता गर्नुपर्दछ ।सम्झौताको वुदा नं.१० मा समयमा किस्ता रकम नवुझाएमा प्रचलित कानून वमोजिम व्याज समेत थप गरि ठेकेदारवाट असुल गरिने उल्लेख भएकोमा पालिकाले विलम्ब शुल्क वापत ०.०५ दिन गन्तीले असुल गरेको छ ।नगरपालिकाले सम्झौतामा भएको बुदाँको पालना गर्नुपर्दछ ।

ठेक्का नाम	ठेकदारको नाम	पहिलो किस्ता	दोस्रो	विलम्ब शुल्क	कैफियत
वागी खोला नदीजन्य पदार्थ ठेक्का	श्री वि.एल निर्माण सेवा	१५०००००	१४५१५००	३९५१२	दोस्रो किस्ताको राजस्व समयमा नवुझाएको
जडीवुटी कवाडी र जीवजन्तु कर संकलन तथा विक्रि	गौरी कवाड स्टोर्स एण्ड विविध सप्लायर्स	७३७५००	७३७५००	९२१९	दोस्रो किस्ताको राजस्व समयमा नवुझाएको
जरे खोला मिलमिले	युनिक कन्स्ट्रक्सन	९३०८५२	९०६७७७	१६७७५	दोस्रो किस्ताको राजस्व समयमा नवुझाएको

सैद्धान्तिक बेरुजु

१६ **अग्रीम करकट्टी** –आयकर ऐन ,२०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गौ भौ नं १६७-०८०।८।२९ बाट नविन कानूनी सेवा फर्मलाई रु.३७५९५ भुक्तानी गरेकोमा नियमानुसार रु५०७५ करकट्टी गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५,०७५

१७ बैठक तथा अनुगमन भत्ता

१७.१ **अनुगमन भत्ता** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ साथै लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७६ को दफा १४ मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ ।उक्त ऐन अनुसार वडाका योजनाहरुको अनुगमन गरे वापत वडा योजना अनुगमन समितिलाई भत्ता भुक्तानी दिन मिल्ने देखिदैन ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिने कार्य वडाका

पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।पालिकाले ऐन विपरित अनुगमन भत्ता दिन नमिल्नेमा सवै वडालाइ अनुगमन लागि वजेट विनियोजन गरि खर्च लेख्ने गरेको छ। नगर स्तरीय र वडा स्तरीय अनुगमन भत्ता लिन नमिल्नेमा अनुगमन समिति भन्दा वाहिरका पदाधिकारी तथा कर्मचारीलाइ भत्ता भुक्तानी गरेको पाइयो । पालिकाले अनुगमन भत्ता लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गौ.भो.नं. ।मिति	कार्य	रकम
६६५-०८०।३।२०	वडा नं ३ को अनुगमन भत्ता	६००००
६२८-०८०।३।१५	वडा नं ७ को अनुगमन भत्ता	५६०००
७८४-०८०।३।३१	नगरपालिकाको अनुगमन भत्ता	४९५०००

सैद्धान्तिक बेरुजु

१७.२ **कार्य सम्पादन मुल्यांकनमा वैठक भत्ताः** ५१.......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.५१०००।- सम्परीक्षण गरिएको ।)*

असुल गर्नुपर्ने	०

१८ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४।२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गर्दा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नहुने चालु प्रकृतिका कार्यक्रमलाई पूँजीगत शिर्षक तर्फ समावेश गरि भुक्तानी गरेको देखियो । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

सि.नं.	गो.भौ.नं.।मिति	भुक्तानी पाउनेको नाम	प्रयोजन	रकम
१	१०२-०७९।९।२	बेलकुमारी परियार	अन्तराष्ट्रिय अपांता दिवस	५००००
२	३६-०७९।७।२	तुलसा श्रेष्ठ	अन्तराष्ट्रिय बाल दिवस	९८,९९८
३	१०२-०७९।९।२	समुन्नती महिला कृषि सहकारी संस्था	समुन्नती महिला कृषि सहकारी सशक्तीकरण	१०००००
४	७३७-०८०।३।२४	अभ्यास मिडिया प्रा.लि.	सामाजिक परीक्षण	१९८०००
५	१९-०७९।६।१२	धर्मराज भुसाल	तरकारी तथा फलफूलको बिउपल खरिद	५००००
६	३६५-०७९।१२।२६	श्री नेपाल एग्रो फर्मा	तरकारी बिउपल तथा पशु औषधि खरिद	९९८००

			जम्मा	५९६७९८

सैद्धान्तिक बेरुजु

१९ **डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र.स.	गो.भौ.नं. र मिति	कार्यक्रमको नाम	फर्म	रकम
१	७२३-०८०।३।२३	सिचाइ कुलो वडा नं १,२,३,५,१० र ११ को डिपिआर	डिजाइन क्रियशन प्रा लि	४९८३३०
२	७३९-०८०।३।२३	वडा नं १, २ बजार क्षेत्र भित्रका विभिन्न वाटोहरु निर्माण	जियो सिभिल ल्याव एण्ड कन्सल्ट प्रा लि	१२०००००
३	१०-०७९।९।४	स्वास्थ्य चौकी भवन निर्माणको विस्तृत आयोजना प्रतिवेदन तयार	स्टार ट्रेड एण्ड इन्जिनियरिङ प्रा ली	१९७९३०८
४	२३५-०७९।११।१४	ढोरपाटन वेहोरे पल्लावारी दुवार गच्छे फुदवाङ सडक तथा रिठेखोला माझहटिया जरेखोला सडक अर्घा भगवती भवनको डिपिआर	हातेमालो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.ली	१९३९०८०
	जम्मा			५६१६७१८

डि.पि.आर. निर्माण गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **औद्योगिक ग्राम निर्माण** – औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधि, २०७५ को १२(१) मा नेपाल सरकारबाट औद्योगिक ग्राम घोषणा भएका स्थानमा स्थानीय तहले प्रदेश मन्त्रालयसँग समन्वय गरि औद्योगिक ग्रामको निर्माण तथा विकास गर्न सक्ने व्यवस्था छ ।औद्योगिक ग्राम स्थापनाका लागि स्थानीय तहले पूर्व सम्भाव्यता अध्ययन, जग्गा छनोट, जग्गाको स्वामित्व भए पछि मात्र निर्माण कार्य गर्नुपर्दछ ।नगरपालिकाले यस वर्ष औद्योगिक ग्राम निर्माणका लागि रु.९२००००० प्राप्त गरी विविध खातामा राखेको देखियो।पालिकाले औद्योगिक ग्रामको निर्माणका लागि प्राप्त रकम सम्भावित उपलब्धिको मापन एवं आवश्यकता पहिचान गरेर मात्र खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सहकारी नियमन** –सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा

३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४२ वटा सहकारी संस्था रहेका छन् ।सो मध्ये ७ सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन,नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **वितरणमुखि कार्यक्रम** – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्रम बनाउँदा उत्पादनमुखी पुजिगत कार्यक्रम तयार गरेको हुनु पर्दछ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने,समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्यॉंकन,वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।तर सो विपरित व्यक्ति तथा संस्थालाइ फाइदा पुग्ने सामग्री खरिद गरि वितरण गरेको छ ।अतः कार्यक्रम तयार गर्दा वितरणमुखी बनाउने कार्य नियन्त्रण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

भौ.न.मिति	कार्यक्रमको नाम	वितरण सामग्री	रकम
१२७-०७९।९।१८	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	थर्मस, हर्लिक्स	५००००
१३७-०७९।६।२६	नेवारी पहिचान कार्यक्रम	साडी वितरण	५००००
१३६-०७९।९।१९	अपाङग भएका व्यक्तिलाइ सम्मान	ब्लाङकेट, गम्छा	१४००००
१९४-०७९।१०।२०	अपाङग भएका व्यक्तिलाइ सम्मान	थर्मस, च्यावनप्रास	५००००
२७०-०७९।११।२५	जेष्ठ नागरिक घरदैलो भेट तथा सम्मान कार्यक्रम	च्यावनप्रास, थर्मकोट	१०००००
२७६-०७९।११।२५	एकल महिला प्रोत्साहन	ब्लाङकेट	५००००
२८४-०७९।११।२८	जेष्ठ नागरिक तथा अपा. सम्मान कार्यक्रम	तामाको करुवा	१२५०००
३३८-०७९।१२।१७	एकल महिला तथा फरक क्षमता भएका व्यक्तिका लागि विभिन्न कार्यक्रम	ब्लाङकेट, गम्छा	१०००००
३६२-०७९।१२।२४	ढुङ्गाको छानो मुक्त जस्ता पाता खरिद	जस्तापाता	४९९७०८
४१९-०८०।१।८	युवा प्रोत्साहन योजना जिम	जिमका सामग्री	९७०००

सैद्धान्तिक बेरुजु

२३ **भ्रमण खर्च** – लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण भत्ता वापत रु.२२००००० खर्च लेखेको छ । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको र भ्रमण पश्चात् तोकिएबमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमण खर्च भुक्तानी भएको देखिन्छ ।भ्रमण खर्चलाई यथार्थपरक एवं मितव्ययी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **व्याक लोडर खर्च** – कार्यालयले यस बर्ष व्याकहो लोडर मर्मत, इन्धन र चालक तथा सहचालकको पारिश्रमिकमा रु ४९९९९५ खर्च गरेकोमा त्यसबाट कुनै पनि आम्दानी गरेको छैन। उपभोक्ता समितिहरु मार्फत हुने निर्माणका कार्यहरुमा कार्यालयले हेभि उपकरण प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेतापनि कार्यालयमा रहेका हेभि उपकरणहरु प्रयोगमा आएका छैनन्। खरिद भएका उपकरणहरुको सहि सदुपयोग गर्ने वा उचित मूल्यमा लिलामी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **सीमा भन्दा बढी पेश्की** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(क) मा भएको व्यवस्था अनुसार खरिद सम्झौता पश्चात सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरि पेश्की दिन सकिने र पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरि र बाँकी रकम कार्य प्रगतीका आधारमा दिन सकिने उल्लेख छ । पालिकाले देहायको मोबीलाइजेशन पेश्की उपलब्ध गराएकोमा सो को कार्यप्रगतीको पर्याप्त विश्लेषण बेगर नियममा व्यवस्था भएको भन्दा बढी पेश्की उपलब्ध गराएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

भौ.न.मिति	निर्माण व्यवसायीको नाम	निर्माण कार्य	सम्झौता रकम	पेश्की रकम
६७१-०८०।३।२१	मिश्र निर्माण सेवा	सन्धिखर्क न.पा क्षेत्रभित्र सडक वत्ती खरिद तथा जडान	४५२४२९२	८०००००
५७२-०८०।२।२८	रिमार्केवल विल्डर्स प्राइभेट लि	खाँची दरवार पुन निर्माण तथा पहुँचमार्ग	१५३०५४३२	२६३९०००
	जम्मा			३४३९०००

सैद्धान्तिक बेरुजु

२६ **कन्टिन्जेन्सी खर्चको अभिलेख** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक योजनाबाट ३ प्रतिशतका दरले आ.व ०७९।८०

मा कन्टीन्जेन्सी बापत रु. ६० लाख ८८ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राखेको छैन ।

सैद्धान्तिक बेरुजु

२७ **लघु उद्यम कार्यक्रम** – गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ को उपदफा ३ अनुसार उद्यमीलाई प्रदान गरिन प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपुर्तिकर्ताले कबुल गरेको कुल अँकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष प्रविधि खरिदमा सत प्रतिशत रकम भुक्तानी गरि उद्यमीवाट संकलित राजश्व स्थानीय संचित कोषमा दाखिला गरेको रु.८८२०० संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	८८,२००

२८ **अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि,पशु तर्फ रु.४२ लाख ६३ हजार अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।पालिकाले स्थानीय अनुदान नीति तय गरी उत्पादन एवं उपलब्धिका आधारमा अनुदान वितरण गरी वितरित अनुदानको अनुगमनलाई प्रभावकारी बनाई संघ,प्रदेश तथा स्थानीय तहबाट वितरित अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा १८ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १५८ जनालाई रोजगारी उपलव्ध गराई रु.९७६८१९२ खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ । लक्षित वर्गलाई ६३ देखि १०० दिनसम्म ४४ योजनामा रोजगारी उपलब्ध गराई श्रमिक ज्याला,प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

सैद्धान्तिक बेरुजु

३० **सामाजिक सुरक्षा कार्यक्रम**

३०.१ **दोहोरो खाता नम्बरमा सामाजिक सुरक्षा भत्ता दाखिला** – सामाजिक सुरक्षा नियमावली,२०७६ मा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको वैक खाता मार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्ता वैक खाता मार्फत वितरण गरेकोमा वैकले लाभग्राहीको खातामा भत्ता पठाएको रिभर्स फिड परिक्षण गर्दा खाता दोहोरो परेको देखियो ।यस सम्बन्धमा

पालिकाले प्रमाण पेश गरेको आधारमा श्रीमान श्रीमतीको एउटै खाता भएको, बुवाको नाममा छोरा छोरीको खाता भएको देखिन्छ । सबै लाभग्राहीको खाता खोलि सामाजिक सुरक्षा भत्ता विरतण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

क स	वडा नं	नाम	उमेर	जन्म मिति	खाता नं	रकम
1.	8	Yam Bahadur Kunwar	70	04-11-2008	0410181270200019	12000
2.	8	sita tam kunwar	80	16-06-1999	0410181270200019	12000
3.	8	dil bahadur thapa magar	68	15-02-2011	0410189985000016	8000
4.	8	parbata devi chudali	88	18-07-1991	0410189985000016	4000
5.	1	Keshari Sharma Paudel	66	5-8-2013	416100599126027	7980
6.	1	Manakala Sharma Poudel	31	21-6-2048	0416100599126027	6384

सैद्धान्तिक बेरुजु

३०.२ **दोहोरो नागरिकता नम्बर** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, 2077 को दफा 4 मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षमा कार्तिक मसान्तभित्र लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले एउटै नागरिकता नम्बर दोहोरिएको सबै किस्ता गरी ५१ जनालाई रु.२०६४०४८ भत्ता वितरण गरिएको छ ।सो सम्बन्धमा पालिकाले एकिन गरि फरक फरक व्यक्ति भएको तथा जिल्लामा एउटै नागरिकता नम्बर दोहोरो परेको प्रमाण पेश गरेको छ ।पालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

क स	वडा नं	नाम	Personal Id	Gender	Birth Date BS	नागरिकता नं	रकम
1.	1	Ram Kumari Shrestha	2009030802127	FEMALE	08-03-2009	131	12000
2.	8	Gir Bahadur Bishworkama	2002041900279	MALE	19-4-2002	131	12000
3.	1	Bharati Thapa	2044051400097	FEMALE	4-1-2052	157	11970
4.	4	Shasikanta Adhikari	2004050204411	MALE	2-5-2004	157	12000
5.	2	Indramani Khanal	2048052200133	MALE	1-2-2010	186	12000
6.	4	Sita Pandey Adhikari	2030011500722	FEMALE	15-1-2030	186	7980
7.	7	Bishnudevi Bhattarai	2007010602004	FEMALE	6-1-2007	186	12000
8.	7	Tikaram Puri	2007041901086	MALE	19-4-2007	808	12000

सैद्धान्तिक बेरुजु

३०.३ **निष्कृय खाता** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । पालिकाले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौटभएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता र तेस्रो किस्ता फछ्र्यौट भएपश्चात चौथौ निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई वितरण भए नभएको एकिन गरी बाँकी रकम फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ शिक्षा तर्फ

३१.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.२ **छात्रवृत्ति वितरण** – विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभुत तह र माध्यमिक तहका छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत पालिकाले ६४ वटा विद्यालयहरूलाई रकम निकाशा दिएको छ । कार्यालयले विद्यालयहरूलाइ छात्रवृत्ति वितरणको लागि रु.२८८१८०० निकासा गरेको छ । कार्यालयले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्तिको वितरणमा पारदर्शिता एवं प्रभावकारीता ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.३ **निःशुल्क पाठ्यपुस्तक** – कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि ६४ विद्यालयलाई रु.१२६६९१२ अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको,विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूचि मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।नगरपालिकाले विद्यालयले पाठ्यपुस्तक विद्यार्थीले पाए नपाएको एकिन गर्नुपर्दछ । विद्यालयले विद्यार्थीलाइ पाठ्यपुस्तक वुझाएको भरपाइ र खरिदको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.४ **बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी तलब** – कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को २.८.१ को क्रियाकलाप १.१.४.१ मा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानमा प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक वितरण गर्नुपूर्व स्थानीय तहका लागि स्वीकृत कोटा र स्थानीय तहको आफ्नौ स्रोतबाट स्रोत व्यवस्थापन अनुमति प्राप्त बाल विकास केन्द्रको छुट्टाछुट्टै अभिलेख तयार गरी यस क्रियाकलापमा विनियोजित रकमबाट संघीय सरकारबाट स्रोत व्यवस्थापन हुने विद्यालयगत बालविकास केन्द्र संख्या एकिन गरि स्थानीय तहले विद्यालय र विद्यालयसँग मातृसम्बन्ध स्थापना गरि संचालनमा रहेका प्रारम्भिक बाल विकास शिक्षकको पारिश्रमिक प्रति महिना रु १०००० का दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने व्यवस्था छ ।स्थानीय तहले प्रारम्भिक बाल विकास शिक्षक र विद्यालय कर्मचारीहरुको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरे बमोजिम मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले थप गर्नुपर्ने तलब समेत संघीय बजेट शिर्षकवाट वाल विकास सहजकर्ताहरुको रु.३३५२८०० र विद्यालय कर्मचारीको रु.३१८८९६६,शैक्षिक पहुँच सुनिश्चितता तर्फ रु २५२००० समेत जम्मा रु.६७९३७६६ खर्च लेखेको नियमसम्मत देखिदैन ।

सैद्धान्तिक बेरुजु

३१.५ **दिवा खाजा** – कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७९।८० को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा विद्यालयगत तथ्याङ्कका आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानेर वर्षमा १८० दिनका लागि अनुदान दिने व्यवस्था छ । त्यसै स्थानीय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका परीक्षामा सामेल भएको दिनसमेतको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र अनुदान दिने व्यवस्था छ । कार्यालयले यस वर्ष दिवा खाजाका लागि ६४ विद्यालयहरुलाइ रु १४८३५३२९ निकासा दिएको छ । दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा,स्वच्छता र पोषण तत्वका सम्वन्धमा नगरपालिकाले अनुगमन तथा दिवा खाजाको गुणस्तर मापन गरी अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी दिवा खाजा रकम निकासा गर्नुपर्दछ । ६४ विद्यालयहरु मध्ये नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्न विद्यालयहरुले कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेको १८० दिन भन्दा बढी दिनको दिवा खाजामा निकासा भएको पाइयो । पालिकाले निम्न विद्यालयवाट दिवा खाजामा बढी निकासा भएको रु.१०७१७०० असुल गर्नुपर्ने रु

क्र.स	विद्यालयको नाम	निकासा रकम	निकासा हुनुपर्ने रकम	वढी निकासा

1.	श्री जनज्योति मा वि	१४३९४७५	१३६८९००	७०५७५
2.	श्री चन्द्र प्रभा मा वि	३३६२४०	३३२१००	४१४०
3.	पार्वती आ वि	२८१६२५	२४८४००	३३२२५
4.	विजय मा वि	९९०७५	७०२००	२८८७५
5.	कमल नयन आ वि आमडाँडा	२१७२६०	१९९८००	१७४६०
6.	आदर्श आ वि धरम्पानी	१६०७८५	१५६६००	४१८५
7.	सरस्वती आ वि अमिले	२५७१४५	२४८४००	८७४५
8.	सरस्वती आ वि नाङ्गेठाटी	३९७४५५	३७२६००	२४८५५
9.	आदर्श मा वि खाँचीकोट	३४२८२५	३१३२००	२९६२५
10.	भृकुटी आ वि नरपानी	२८७८६५	२७२७००	१५१६५
11.	मथुरा नन्दराम आ वि आम्बोट	४७७४८०	४०७७००	६९७८०
12.	गंगा आ वि चुत्रावेशी	७४८६२०	६९३९००	५४७२०
13.	जनजिवन आ वि	१०७४००	१०२६००	४८००
14.	ने रा सरस्वती आ वि	११७६७५	११६१००	१५७५
15.	विद्याविनय आ वि	४३२८१०	४२३९००	८९१०
16.	जीवनसुधार आ वि	१०९९८०	१०२६००	७३८०
17.	पशुपति आ वि	१७१८२५	१५६६००	१५२२५
18.	बलेवाङ आ वि	३२३९५५	२७००००	५३९५५
19.	जोगिमारे आ वि	२१५५६५	२१३३००	२२६५
20.	अरनिको आ वि	२६४२०५	२२६८००	३७४०५
21.	गौतम आ वि	१८००३०	१५६६००	२३४३०
22.	जनता आ वि	२८७१००	२४५७००	४१४००
23.	विद्याविकास आ वि	७४४६०	६४८००	९६६०
24.	टुनिपोखरा आ वि	१४७५२५	१२९६००	१७९२५
25.	युवावर्ष जनता रविचित्र मा वि	१३१४८८५	११५८३००	१५६५८५
26.	जनशान्ति आ वि	२३८०९५	२२६८००	११२९५
27.	भगवती आ वि	१४६०७०	११०७००	३५३७०

28.	मणी आ वि टाकुरा	१४०५९५	१२६९००	१३६९५
29.	शिव आ वि बाहाखोला	५६२०५	५४०००	२२०५
30.	जुहार आ वि झेडी	९६२५५	८६४००	९८५५
31.	जनप्रकाश आ वि धरमपधेरा	१५३११५	१४३१००	१००१५
32.	समाजकल्याण आ वि बसपार्क	७०९९५०	६४८०००	६१९५०
33.	जीवनज्योती आ वि लम्लमे	८५४५५	५६७००	२८७५५
34.	निर्मल नवज्योती सुस्त मनस्थिती विद्यालय	७२४५०	६२१००	१०३५०
35.	जनविकास आ वि खापडाँडा	६४४२५	६२१००	२३२५
36.	समाजकल्याण आ वि बसपार्क	७०९९५०	६४८०००	६१९५०
37.	जनसेवा आ वि बेल्टारी	८४०१५	८१०००	३०१५
38.	विद्याप्रकाश आ वि गहते	२११७१०	१९१७००	२००१०
39.	जनसेवा आ वि दुविचौर	७८६१५	७२९००	५७१५
40.	संगम आ वि जयनेटा	१४०३४५	१२४२००	१६१४५
41.	मञ्जरी आ वि कुर	४८३७५	२९७००	१८६७५
42.	जनचेतना आ वि लामडाँडा	९८६७०	९४५००	४१७०
43.	बाल मन्दिर बाल विकास केन्द्र	७६४४०	६२१००	१४३४०
	जम्मा			१०७१७००

असुल गर्नुपर्ने	१०,७१,७००

३१.६ **क्याम्पसलाइ अनुदान** – शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा नगरपालिकाको कार्यक्षेत्र बाहिर गई पाणिनी क्याम्पसलाई पुस्तकालय व्यवस्थापनका लागि रु.१००००० अनुदान दिएको नियमसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

३१.७ **समानीकर अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका २ शिक्षक नियुक्ति गरि र अनुदानबाट रु.३ लाख ६० हजार तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	३,६०,०००

३१.८ **स्यानीटरी प्याड वर्षान्तमा खरिद** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा लागत अनुमान तयार गर्ने, ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधि भित्रमा समाप्त गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु ११९४५०० को २३५८० प्याकेट प्याड खरिद गरि विद्यालयलाइ दिएको छ ।कार्यालयले वर्षभरी विद्यार्थीलाई सेवा दिन खरिद गर्ने प्याड आर्थिक वर्षको अन्तमा अर्थात आषाढ १८ मा खरिद गरेकोले लक्षित उद्देश्य पुरा हुने देखिएन । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **औषधि खरिद** – पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले विभिन्न फर्मसँग रु.२६२९९९२ को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ कृषि तथा पशु कार्यक्रम

३३.१ **बाखा पकेट विकास कार्यक्रम** – ३६६-०८०।३।२४ पशुपन्छी विकास कार्यक्रम निर्देशिका, २०७७ मा वाखा पकेट कार्यान्वयनका लागि नर्मसको १ मा लागत साझेदारीमा बाखा स्रोत केन्द्र विकास कार्यक्रम संचालन गर्दा प्रति पालिका कम्तीमा १०० कृषक परिवार समेटिने गरी आवश्वकता अनुसारका उत्पादन पकेट र समूह/समिति/सहकारी गठन वा परिचालन गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले ६० कृषकका लागि खोर निर्माण, बाखा खरिद तथा तालिमका लागि रु.१०९४७७५

किमडांडा बाख्रा पकेट समितिलाइ अनुदान दिएको छ । निर्देशिका बमोजिम कृषकले खरिद गरेका वोका उन्नत शुद्ध नइलको हुनुपर्ने तथा पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो वोकाको कम्तीमा ५० प्रतिशत रगत शुद्धता हुनेगरि खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो शुद्धता परिक्षण गरेको छैन ।नगरपालिकाले कम्तीमा १०० कृषक समेटिने गरि गर्नुपर्नेमा जम्मा ६० कृषकको खोर निर्माण गरेको, बाख्रा पकेट कार्यान्वयनका लागि अनुदान दिएकोमा सोको अनुगमन गरेको छैन ।पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३.२ **मलमा अनुदान** – अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को नियम १४(१) मा प्रदेश सरकार वा स्थानीय तहले नेपाल सरकारवाट अनुदानमा प्राप्त मलको मुल्यमा थप अनुदान दिन नमिल्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष मकैबाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत निम्न सहकारी संस्था तथा कृषकलाइ मलमा अनुदान दिएको असुल गर्नुपर्ने रु

गौ.भो.नं.	नाम	मलमा अनुदान रकम
१७२।०८०।१।६	प्रगतिशिल कृषक सहकारी संस्था लि	५७६००
१७८।०८०।१।७	भैसीमेला कृषि तथा पशुपंक्षी फर्म	५५००
१९१।०८०।१।१३	कमला नेपाली	१४४००
	जम्मा	७७५००

असुल गर्नुपर्ने	७७,५००

३३.३ **कृषि विशेष कार्यक्रम** – ६५९-०८०।३।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन र स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने व्यवस्था छ ।नगरपालिकाले कृषि विशेष कार्यक्रमका लागि आकर्ष बाख्रा पालन समुहलाइ ३४ वटा बोयर वाख्रा र ७ वटा भैसी खरिदका लागि रु.३००००० अनुदान दिइएको छ । नगरपालिकाले अनुदानमा दिएका भैसी तथा वाख्रा कृषकले कति समय पाल्नु पर्ने, सोको समेत अनुगमन भएको पाइएन । पालिकाले अनुदानको अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३.४ **व्यक्तिको नाममा भुक्तानी** – नगरपालिकाले छनोट गरेका कृषक तथा फर्मको नाममा भुक्तानी दिनु पर्दछ । नगरपालिकाले कृषक समुहसँग सम्झौता गरि काम गरेकोमा सम्बन्धित कृषक समुहको नाममा भुक्तानी नगरि व्यक्तिको नाममा भुक्तानी गरेको छ । छनोट भएको कृषक समुहको नाममा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

गौ.भो.नं.।मिति	**सम्झौता गरेको समुहको नाम**	**भुक्तानी भएको व्यक्तिको नाम**	**रकम**

१९१-०८०।१।१३	एकिकृत महिला कृषक समुह	कमला नेपाली	३१०००
१९४-०८०।१।२६	जमुना कृषि वागवानी तथा पशुपंक्षी फर्म	मेघ बहादुर भट्टराइ	१९२७५९

सैद्धान्तिक बेरुजु

३४ **विरुवाको दररेट** –नगरपालिकाले कृषकसँग ५० प्रतिशत अनुदानमा विरुवा वितरण गर्ने सम्झौता गरेकोमा कृषकले सरकारी दररेट भन्दा वढीको खरिद गरि अनुदान लिएको देखिन्छ ।सरकारी दररेट भन्दा वढी हुने गरि खरिद गरेको विरुवाको ५० प्रतिशत अनुदान सम्बन्धित कृषकबाट असुल गर्नुपर्ने रु

गौ.भो.नं.।मिति	अनुदान पाउने	विवरण	सरकारी दर	खरिद	वढी	अनुदान रकम
१६४-०७९।१२।२८	समरग्रिन कृषक समुह	स्याउ(३००)	१००	२००	३००००	१५०००
		ड्रयागन फ्रुट(३००)	१००	२००	३००००	१५०००
	जम्मा					३००००

असुल गर्नुपर्ने	३०,०००

३५ **उपभोक्ता समिति मार्फत तालिम** – सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम स्थानीय सिप प्रविधि र रोजगारी सृजना हुने किसिमका निर्माण कार्य उपभोक्ता समितीवाट गराउन सक्ने प्रावधान रहेको तथा उपभोक्ता समिति मार्फत खरिद गर्ने कानुनी व्यवस्था नरहेकोमा निम्नानुसारका कार्य उपभोक्ता समितवाट गराएको नियम सम्मत नदेखिएको रु.

गौ भौ न मिति	कार्यक्रम	उपभोक्ता समिति	रकम
९३-०७९।८।२८	दलित समुदाय क्षमता अभिवृद्धि तालिम	दलित समुदायमा क्षमता अभिवृद्धि सीपमुलक तालिम उ स	१०००००
१३१-०७९।९।१८	युवा खेलकुद कार्यक्रम	युव खेलकुद कार्यक्रम उ स	१०००००
५८४-०८०।२।३१	युवा खेलकुद कार्यक्रम	युव खेलकुद कार्यक्रम उ स	१०००००
जम्मा			३०००००

अनियमित भएको	३,००,०००

३६ **सुरक्षित नागरिक आवास कार्यक्रम**

३६.१ नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गतको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ वमोजिम गरिवीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन रहेका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायत सामाग्री खरिदको लागी गरिवीको रेखामुखी रहेका पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छाना मुनी ल्याउने कार्यक्रम अन्तर्गत यो वर्ष यस नगरपालिकालाई रु.३५००००० ।— विनियोजन भई खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन :

सैद्धान्तिक बेरुजु

३६.२ सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ अनुसार पहिलो किस्ता ६० प्रतिशत उपलव्ध गराउने सो रकम जस्तापाता र काठ लगायतका सामग्री खरिद गरी निर्माण कार्य अघि वढाउन खर्च गर्नुपर्ने र पहिलो किस्ताको रकमवाट सामग्री खरिद गरी स्थानीयतहको प्राविधिकवाट प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा लाभग्राहीलाइ दोश्रो तथा अन्तिम किस्ता वापत ४० प्रतिशत अनुदान उपलव्ध गराइने व्यवस्था छ । नगरपालिकाले कार्यपालिकाको २०८०।३।८ को निर्णयानुसार छनौट भएका ५१ लाभग्राहीलाई गो. भौ.नं. १७१-२०८०।३।१९ बाट प्रति लाभग्राही रु.४५०००।-का दरले वर्षान्तमा सम्झौता गरी पहिलो किस्ता बापतको रु.२२९५०००।- अनुदान उपलब्ध गराएको देखियो। उपलब्ध गराएको अनुदानबाट लाभग्राहीले जस्तापाता एवं काठ खरिद गरी निर्माण कार्य गरेको देखिने कार्य सम्पन्न सहितको प्राविधिक प्रतिवेदन पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६.३ सोही कार्यविधिको बुँदा नं. ७ मा सम्झौता भएको ३ महिनाभित्र कार्यप्रगति हाँसिल नगरेमा अनुदान बापत उपलब्ध गराइएको रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ मा पहिलो किस्ताबापत रु.३००००।-का दरले अनुदान लिएका १२४ लाभग्राहीमध्ये यस वर्ष ५६ लाभग्राही समेत हालसम्म १२२ लाभग्राहीलाई मात्र कार्यसम्पन्न गरेका आधारमा दोस्रो किस्ताबापतको अनुदान दिएको देखियो। पहिलो किस्ता अनुदान लिई तोकिएबमोजिम कार्यप्रगति नगरेका वडा नं. २ का श्याम नेपाली र भीम बहादुर नेपालीबाट अनुदान रकम रु.६००००।-असुल उपर गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **ठेक्का नं. ७-२०७८/७९ चुत्रावेशी -भक्तिटोला — धरम्पानी — अर्घामैदान सडक स्तरोन्नती कार्य** – ठेक्का नं. ७-२०७८/७९ चुत्रावेशी -भक्तिटोला — धरम्पानी — अर्घामैदान सडक स्तरोन्नती कार्यका लागि २०८०।१०।२६ भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।११।९ मा रायमाझी/जयमाता/खनाल ब्रदर्श जे.भी. सँग रु.६१९१७८९९।७४ को सम्झौता भएकोमा यस वर्ष चौथो रनिङ्ग बिलसम्म रु.५१०४३४१७।९३ को कार्य भएको देखियो ।यस वर्ष तेस्रो र चौथो रनिङ्ग बिलबापत रु.३०९८०८२९।— भुक्तानी भएकोमा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ अनुसार नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई आयोजना/कार्यक्रमको कूल लागतको अधिकतम ५० प्रतिशतसम्म रकम समपुरक अनुदान प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम नेपाल सरकार र ५० प्रतिशत रकम नगरपालिका श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ । उक्त कार्यविधि अनुसार यस वर्ष भुक्तानी भएको रु.३०९८०८२९।— मध्ये नगरपालिका श्रोतबाट र समपुरक अनुदानबाट ५०:५०

प्रतिशत रकम भुक्तानी हुनुपर्नेमा समपुरक अनुदानबाट रु.१७५०००००।— र नगरपालिका श्रोतबाट रु.१३४८०८२९।- खर्च लेखेको कार्य कार्यविधि एवं बजेट सिद्धान्त अनुकूल देखिएन । कार्यविधिमा उल्लिखित व्यवस्थानुसार खर्च लेखाङ्कन गरी बाँकि कार्य सम्पन्न गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **ठेक्का नं. ८-२०७८/७९ विद्या विनय आधारभूत विद्यालय भवन निर्माण कार्य**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.८६७२४२।९२- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **ठेक्का नं. ९-२०७९/८० ढोरपाटन सडक -बेहोरे कुर —पल्लावारी दुवार गच्छे मोटर बाटो निर्माण कार्य** – ठेक्का नं. ९-२०७९/८० ढोरपाटन सडक -बेहोरे कुर —पल्लावारी दुवार गच्छे मोटर बाटो निर्माण कार्यका लागि २०७९।११।३० मा २०८१।२।३ भित्र कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी पिटिआर अधिकारी/ पौडेल/ श्रीकृष्ण जे.भी.सँग रु.७७६८१८०२।२० को सम्झौता भएकोमा प्रथम रनिङ्ग बिलसम्म रु.१४०२७४२०।०१ को कार्य भएको देखियो।यस वर्ष मोबिलाईजेशन पेश्की रु.६६४८०००।— एवं प्रथम रनिङ्ग बिलबापतको रकममध्ये रु.५३३००००।— मात्र भुक्तानी भएको देखियो। समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ अनुसार नेपाल सरकार र स्थानीय तहको श्रोतबाट ५०:५० प्रतिशत भुक्तानी हुनुपर्नेमा मोबिलाईजेशन पेश्की रकम रु.६६४८०००।— र प्रथ म रनिङ्ग बिलबापतको रु.३७७००००।— संघ समपुरक अनुदानबाट र बाँकी १५६००००।— नगरपालिका श्रोतबाट भुक्तानी भएको कार्य कार्यविधि अनुकूल देखिएन ।कार्यविधिमा उल्लिखित व्यवस्था एवं बजेट सिद्धान्त अनुसार खर्च लेखाङ्कन गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **फरक योजनामा खर्च** – विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को बुँदा नं. ८ मा स्थानीय तहले जुन आयोजना/कार्यक्रमका लागि अनुदान रकम प्राप्त भएको सोही आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने एवं बुँदा ९क मा कुनै आयोजना/कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न नपाइने व्यवस्था छ ।नगरपालिकाले २०८०।३।८ को कार्यपालिकाको निर्णयबाट शिर्षकान्तर गरी विद्या विनय आधारभूत विद्यालय भवन निर्माण कार्यमा विनियोजित रकम मध्ये रु.२८,११,७९८।-स्वास्थ्य चौकी भवन निर्माण कार्यमा खर्च गरेको देखियो।कार्यविधिको व्यवस्था विपरित विद्यालय भवन निर्माणमा विनियोजित रकमबाट खर्च नभई बचत भएको रकम फ्रिज नगर्ने उद्देश्यले स्वास्थ्य चौकी भवन निर्माण कार्यमा खर्च गरेको अनियमित देखिएको रु.

अनियमित भएको	२८,११,७९८

४१ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरुमा निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा अधिकांश मोटरबाटो सोहोर्ने कार्यमा मेशिनको मात्र प्रयोग हुने हुँदा प्रतिस्पर्धी खरिद विधि अबलम्बन गरी कार्य नगराई उपभोक्ता समितिमार्फत कार्य गराएको उपयुक्त देखिएन। पालिकाले श्रममूलक एवं रोजगारी सिर्जना हुने बाहेकका कार्य प्रतिस्पर्धात्मक खरिद विधि अबलम्बन गरी मितव्ययी तवरले कार्य गराउनुपर्दछ।

गो.भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	उ.स.लाई भुक्तानी रु.	निर्माण व्यवसायी	निर्माण व्यवसायीको बिजक रकम
७२७-०८०।३।२३	वडा नं ६ का मोटरवाटाहरु मर्मत	५७५०००	पशुपति कन्स्ट्रक्सन र अमर निर्माण सेवा	६३९८१८
१२०-०७९।९।१८	खत्रीका दिप खेल मैदान	४३६५००	पशुपति कन्स्ट्रक्सन	४९५६२०
१२१-०७९।९।१८	वडा नं ४ का वाटोहरु मर्मत सम्भार	३८८०००	भुसाल निर्माण सेवा	४०००००
१२२-०७९।९।१८	वडा नं ९ भित्रका सवै वाटो सोर्ने	५८२०००	मिश्र निर्माण सेवा	६६६७००
१२३-०७९।९।१८	वडा भित्रका सवै मोटरवाटो मर्मत	६७९०००	पशुपति कन्स्ट्रक्सन	७७८६८५
१५६-०७९।१०।३	सम्पूर्ण मोटरवाटो मर्मत तथा स्तरोन्नती	५३३५००	भुसाल निर्माण सेवा	६१०५३०
	जम्मा			३५९१३५३

सैद्धान्तिक बेरुजु

४२ **बीमा नगराएको** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाखभन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री, मेशिन, औजार, प्लान्ट लगायतको तोकिएबमोजिम बीमा गराउनुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीबाट निर्माण कार्य गराएकोमा सम्झौताको विशेष शर्त अनुसार बीमा

गरेको देखिएन। सम्भावित जोखिम एवं अवधि खाम्नेगरी नियमावलीको व्यवस्थाबमोजिम बीमा गराएर मात्र निर्माण कार्य गराउनुपर्दछ ।

विवरण	सम्झौता रकम	भुक्तानी रकम
मथुरा नन्दराम आ.वि.: ४ कोठे भवन निर्माण–प्रदिप निर्माण सेवा	४३८४१०४।-	४३८४११२।-
भगवती उच्च मा.वि.: ४ कोठे भवन निर्माण-अमृत निर्माण सेवा	४२३२२५९।-	४२३२००५।-
जनता आ.वि.: २ कोठे भवन निर्माण–अमृत निर्माण सेवा	२२२३२६२।-	२२२३२६२।-
पार्वती आ.वि.: २ कोठे भवन निर्माण- आर वि.आर कन्सट्रक्सन	२३७००६५।-	२३६९८३९।-

सैद्धान्तिक बेरुजु

४३ **एज विल्ट नक्शा** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र निर्माण भएबमोजिमको एज विल्ट नक्शा पेश गर्नुपर्ने एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुदा नं.७१.२ मा एज बिल्ट नक्शा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गरी कार्य स्वीकार गरेका निम्न निर्माण कार्यको एजविल्टबापत रकम विथहोल्ड गर्ने व्यवस्था नगरेकोले रकम विथहोल्ड नभएको र सम्झौता एवं नियमावलीको व्यवस्थानुसार निर्माण व्यवसायीले एज विल्ट नक्शा पेश गरेको देखिएन । नियमावली एवं सम्झौताको व्यवस्थाको पालना गरी एजविल्ट ड्रइङ्ग अनिवार्य रुपमा पेश हुनुपर्दछ ।

विवरण	सम्झौता रकम	कार्यस्वीकार रकम
मथुरा नन्दराम आ.वि.: ४कोठे भवन निर्माण-प्रदिप निर्माण सेवा	४३८४१०४।-	४३८४११२।-
भगवती उच्च मा.वि.: ४कोठे भवन निर्माण- अमृत निर्माण सेवा	४२३२२५९।-	४२३२००५।-
जनता आ.वि.: २कोठे भवन निर्माण- अमृत निर्माण सेवा	२२२३२६२।-	२२२३२६२।-
पार्वती आ.वि.: २कोठे भवन निर्माण- आर वि.आर कन्सट्रक्सन	२३७००६५।-	२३६९८३९।-

सैद्धान्तिक बेरुजु

४४ **नमूना विद्यालय अनुदान ठेक्का नं. १८-०७९।८० जनताकृष्ण मा.वि. छात्राबास भवन निर्माण** – ठेक्का नं. १८-०७९।८० जनताकृष्ण मा.वि. छात्राबास भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी गौतम निर्माण सेवासँग २०८०।३।२४ भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।१।४ मा रु.४५९६२९७।२६ को सम्झौता भएकोमा रु.४५७५३४१।— भुक्तानी भएको देखियो।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु. २० लाखभन्दा बढीको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएबमोजिम निर्माण कार्यको बीमा गराउनुपर्ने एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा १९.१ मा बीमासम्बन्धी व्यवस्था छ। पालिकाले सम्झौतानुसार निर्माण व्यवसायीबाट उक्त निर्माण कार्यको बिमा गराएको देखिएन ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले बिल विजकको रकम भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले जनताकृष्ण मा.वि. छात्राबास भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी गौतम निर्माण सेवालाई दोस्रो बिलबापतको रकम भुक्तानी गर्दा २०८०।३।२२ सम्मको अद्यावधिक कार्य रु.४५७५३४२.९४ उल्लेख गरी दोस्रो बिलबापत रु.३२३९८२४।– भुक्तानी गरेको देखियो। निर्माण व्यवसायीले तोकिएबमोजिम कार्य नगरेको एवं आंशिक कार्य सम्पन्न हुन बाँकी रहेको उल्लेख गरी २०८०।४।२ को पत्रबाट निर्माण व्यवसायीको खाता रोक्का राखेको देखियो। वास्तविक कार्यसम्पादनको नापजाँच गरी सम्झौतानुसारको कार्य सम्पन्न गरेपश्चात मात्र भुक्तानी दिनुपर्नेमा बजेट फ्रिज नगर्ने उद्देश्यले सम्झौतानुसारको रकम भुक्तानी दिई निर्माण व्यवसायीको व्यक्तिगत खाता रोक्का राख्नु उपयुक्त देखिएन ।

(ग) लेखापरीक्षणको क्रममा उक्त निर्माण कार्यको स्थलगत अवलोकन गर्दा रङ्गरोगन, इलेक्ट्रिकल्स एवं ढोका एवं च्यानल गेट राख्ने लगायतका कार्य सम्पन्न हुन नसकी निर्माण कार्य देहाय अनुसार अधुरो रहेको देखियो। स्थलगत अवलोकन प्रश्चात कार्य नभएको रु.१२३८३२०.६५ बेरुजु खातामा दाखिला भएको छ । निर्माण व्यवसायीले सम्झौतानुसारको कार्य तोकिएको अवधिभित्र सम्पन्न नगरेका कारण उक्त छात्राबास भवन समयमै उपयोगमा आउने देखिएन ।

पालिकाले तोकिएको म्यादभित्र सम्झौतानुसारको कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम जिम्मेवार बनाई अधुरो निर्माण कार्य सम्पन्न गराई उक्त छात्राबास भवन उपयोग योग्य बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **रक गार्डेन संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं.४-०७९।८० प्राकृतिक सम्पदाको रुपमा रहेको रक गार्डेन संरक्षण कार्यका लागि सानु सेती देवी कन्सट्रक्सनसँग २०७९।१२।२४ मा २०८१।४।३० भित्र कार्य सम्पन्न गर्ने गरी रु.१४०२७७११.९९ को सम्झौता गरेकोमा यस वर्ष प्रथम रनिङ्ग बिलसम्म रु.६२६२५००.३७ कार्य गराई रु.५०९३०००।– भुक्तानी गरेको देखियो ।प्रथम रनिङ्ग बिलबापत भुक्तानी गरेको रकम रु.५०९३०००।– मध्ये रु.१६३९०००।– पालिकातर्फको पुरानो प्रशासकिय भवन पूर्णता एवं रु.१०२९०००।– चुत्रावेशी भक्तिटोला अर्घा मैदान सडक स्तरोन्नती योजनाबाट खर्च लेखेको देखियो । पालिकाले योजनाका लागि विनियोजित बजेटबाट खर्च नलेखी अन्य योजनामा खर्च नभई बचत भएको रकमबाट रु.२६६८००० खर्च लेखेको नियमसङ्गत नदेखिएको रु.

अनियमित भएको	२६,६८,०००

४६ **ठेक्का नं. ५०-०७७।७८ कृषि पूर्वाधार निर्माण (कोल्ड स्टोर निर्माण)**

✂.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.३३९००।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

४७ **निर्मल ज्योती सुस्त मनस्थिति विद्यालय भवन निर्माण** – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रहि खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं.६-०७९।८० निर्मल ज्योती सुस्त मनस्थिति विद्यालय भवन निर्माण कार्यका लागि प्रदीप निर्माण सेवासँग २०७९।१२।३० मा २०८१।४।३१ भित्र कार्य सम्पन्न गर्ने गरी रु.१४७९४२४०।३५ को सम्झौता गरेकोमा यस वर्ष प्रथम रनिङ्ग बिलसम्म रु.६२१७१३४।-भुक्तानी गरेको देखियो।प्रथम रनिङ्ग बिलबापत भुक्तानी गरेको रकम रु.६२१७१३४।— मध्ये रु.१२१२९८७।— पालिकातर्फको रिठेखोला माझहटीया जरेखोला ग्रामीण सडक निर्माण एवं रु.१७९१४७।— ऐतिहासिक खाँची दरवार पुनः निर्माण तथा पहुँच मार्ग निर्माण योजनाबाट खर्च लेखेको देखियो।योजनाका लागि विनियोजित बजेटबाट खर्च नलेखी अन्य योजनाका लागि विनियोजन भएको रकमबाट रु. १३९२१३४ खर्च लेखेको कार्य नियमसङ्गत नदेखिएको रु.

अनियमित भएको	१३,९२,१३४

४८ **तोकादेशको आधारमा वितरणमूखी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले स्थानीय स्तरको समग्र विकासका लागि आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक, रोजगारीमूलक एवं छिटो प्रतिफल प्राप्त गर्न सकिने योजना प्राथमिकताका आधारमा छनौट गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ ।पालिकाले निर्माण सामग्री सहयोग एवं भैपरी आउने शिर्षकमा बजेट विनियोजन गरी गत वर्षको सामग्री वितरण खर्च भुक्तानी बाँकी समेत यस वर्ष पनि तोकादेशको आधारमा खर्च गर्ने गरेका केहि उदाहरण निम्नानुसार छन ।सहयोगको वितरण अभिलेख अद्यावधिक नगरी तोकादेशको आधारमा देहायअनुसार सामग्री वितरण लगायतका अनुत्पादक कार्यमा खर्च लेखेको उपयुक्त देखिएन।यस्तो प्रवृत्तिमा सुधार गरी पालिकाको समग्र विकासका लागि दिगो उपलब्धी हाँसिल हुने एवं उत्पादनमूलक योजना छनौट गरी सञ्चालन गर्नुपर्दछ।

गो.भौ.नं., मिति	विवरण	रकम	कैफियत
३६०-२०७९।१२।२३	मिश्र निर्माण सेवा/सप्लायर्स	५७३४४७।-	विभिन्न मितिको तोकादेशका आधारमा खरिद भएका पोलिथिन पाइप एवं त्रिपालको भुक्तानी
३७४-२०७९।१२।२६	हिक्मत स्टोर्स एण्ड सप्लायर्स	२६२१६०।-	गत वर्षको तोकादेश अनुसार खरिद भएका सिमेन्ट व्याग एवं पाइपको भुक्तानी
३७५-२०७९।१२।२६	लक्ष्मी मेटल एण्ड हार्डवेयर स्टोर	२१८८१७।-	गत वर्षको तोकादेश अनुसार खरिद भएका टिन एवं पाइपको भुक्तानी

सैद्धान्तिक बेरुजु

४९ **ठेक्का नं.३-०७९।८० ऐतिहासिक जंगबहादुर राणा जन्मेको मथुराबेशी पौवा संरक्षण तथा पहुँचमार्ग निर्माण**

✂.........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.११७००।- सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	०

५० **प्रदेश समपुरक अनुदान** – लुम्बिनी प्रदेशको प्रदेश समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ अनुसार प्रदेश सरकारले आयोजना/कार्यक्रमको कूल लागतको ५० प्रतिशत रकम समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्थाबमोजिम ५० प्रतिशत रकम प्रदेश सरकार समपुरक अनुदान र बाँकी रकम नगरपालिकाको अन्य श्रोतबाट व्यहोर्नुपर्ने देखिन्छ ।यस वर्ष नगरपालिकाले प्रदेश समपुरक अनुदानतर्फ सम्झौता गरी कार्यान्वयन गरेका सम्पन्न हुन बाँकी केहि योजनाहरुको निर्माण कार्यको भुक्तानी अवस्था निम्नानुसार रहेको देखिएकोले उक्त कार्य कार्यविधि अनुकूल देखिएन । प्रदेश सरकारको अनुदान व्यवस्थापन कार्यविधि अनुसार खर्च लेखाङ्कन हुनुपर्दछ ।

सि.नं.	योजनाको नाम	सम्झौता रकम रु.	प्रदेश समपुरक अनुदानबाट पेश्की समेत भुक्तानी रकम	पालिकाको अन्य श्रोतबाट पेश्की समेतको भुक्तानी रकम
१	खाँची दरवार पुन:निर्माण तथा पहुँचमार्ग निर्माण	१५३०५४३२।६३	२४७७५००।-	३७०९१३।-
२	रिठेखोला माझहटिया जरेखोला ग्रामीण सडक स्तरोन्नती	१३६०७५४४।०५	२५०००००।-	८५१५३।-
३	मथुरावेशी पौवा संरक्षण तथा पहुँचमार्ग निर्माण	१४०७००३३।३३	२५०००००।-	२२९९१७७।-
४	गंगा सरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक श्रोत संरक्षण	११८९६६१४।४८	२४७९०००।-	२३५००००।-

सैद्धान्तिक बेरुजु

५१ **नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना** –

५१.१ नेपालका १२ नगरपालिकाहरुमा संकटापन्न समूहहरुलाई द्रुत श्रममूलक सार्वजनिक निर्माणको माध्यमबाट कोभिड १९ को प्रभाव न्यूनीकरण गर्न राहत एवं सहयोग पुर्‍याउने उद्देश्यले यो आयोजना कार्यान्वयनमा आएको देखिन्छ । आयोजना अवधिभरमा १२ नगरपालिकामा श्रममूलक सार्वजनिक निर्माणको लागि २ करोड अमेरिकी डलर खर्च गर्ने आयोजनाको लक्ष्य अनुसार यस वर्ष नगरपालिकालाई १३० योजनाका लागि रु.११५८००००० ।— विनियोजन भएकोमा रु.११५७२७६५२ ।— खर्च भएको देखियो ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

सैद्धान्तिक बेरुजु

५१.२ श्रममूलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिकामा कम्तीमा ५० दिन काम गर्ने गरी प्राथमिकताको आधारमा कामदार/घरधुरीलाई संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको प्रगति प्रतिवेदनमा यस वर्ष १३० योजनामा २८३८ श्रमिकले ७४१७६ दिन कार्य गरेको र कूल श्रमिकमध्ये १७३५ महिला श्रमिक रहेको उल्लेख गरेतापनि कुन कामदारले आयोजना अवधिभर कुन कुन योजनामा कति दिन कार्य गरेको खुल्ने एकिकृत विवरण राखेको देखिएन ।निर्देशिकाको व्यवस्थानुसार प्रति कामदार काम गरेको दिन स्पष्ट देखिने गरी अभिलेख राख्नुपर्दछ ।

श्रममूलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिकामा योजनामा कार्य गर्ने कामदारहरुको बिमाको लागि नगरपालिका जिम्मेवार हुने उल्लेख भएतापनि कामदारहरुको बिमा गराएको देखिएन ।

श्रममूलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिका अनुसार कूल बजेटको २.५ प्रतिशत हाते औजार, २ प्रतिशत सुरक्षा सामग्री र १.५ प्रतिशत रकम व्यवस्थापन खर्च गर्न सकिने उल्लेख छ ।आवश्यक हाते औजार एवं सुरक्षा उपकरण पालिकाको खरिद समितिले खरिद गरी वडालाई हस्तान्तरण गर्ने र प्रयोग भईसकेका उपकरण सूची तयार गरी भावी प्रयोगका लागि वडा कार्यालयमा राखिने उल्लेख छ । पालिकाले यस वर्ष खरिद गरेका हाते औजार एवं सुरक्षा सामग्रीमध्ये रु.१८३१९ ।— मूल्य बराबरका हाते औजार एवं रु.१६५०० ।— मूल्यका सुरक्षा सामग्री अन्य निकायलाई वितरण गरेको देखियो। आयोजनाका लागि खरिद भएका औजार एवं उपकरण योजना बाहेकका कार्यमा वितरण गर्नु उपयुक्त देखिएन ।

त्यसैगरी २०८०।२।५ मा २६ योजनाका लागि रु.२१०००००० ।— थप बजेट प्राप्त भएकोमा पालिकाले योजना कार्यान्वयन गर्दा निर्देशिका अनुसार आवश्यक हाते औजार एवं सुरक्षा सामग्रीको आवश्यकता यकिन गरी पालिकाको खरिद समितिबाट खरिद कार्य गरी वडा मार्फत सम्बन्धित योजनाको निर्माण समितिलाई औजार एवं सामग्री उपलब्ध गराउनुपर्नेमा हाते औजार उपकरण एवं सुरक्षा सामग्रीबापतको ४.५ प्रतिशत रकम समेत निर्माण समितिलाई भुक्तानी गरी योजना सञ्चालन गरेको कार्य उपयुक्त देखिएन ।यसबाट योजनामा औजार उपकरण आवश्यकताको पहिचान एवं भावी प्रयोगमा ल्याउन सकिने हाते औजार एवं उपकरणको अभिलेखाङ्कन हुन नसक्ने हुँदा निर्देशिकाको व्यवस्थानुसार खरिद कार्य हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१.३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गच्छे मसानघाट व्यवस्थापनका कार्यका लागि रु.१८८०७५६.३० को लागत अनुमान तयार गरी रु.१८८१११७.८७ को कार्य स्वीकार गरेकोमा सडक विभागको स्वीकृत नर्म्स अनुसार Earthwork excavation on foundation of structure including construction of shoring, bracing, removal of stumps & other deleterious matter & backfilling कार्यको लागि मेशिनको

प्रयोग गर्दा प्रति घनमिटर दररेट रु.१००.५० हुनेमा मेनुअल दररेट अनुसार लागत अनुमान तयार गरी प्रति घनमिटर रु.७३७।— का दरले भुक्तानी गरेको देखियो ।साइटको अवस्थानुसार बाँसघारी रहेको स्थानमा उक्त कार्यमा मेशिन प्रयोग गर्नुपर्ने देखिएकोले मेनुअल दररेट अनुसार लागत अनुमान तयार गरी सोही अनुसार १८९.७२ घनमिटर कार्यको भुक्तानी गरेका कारण पालिकालाई थप व्ययभार परेको देखिएको रु.

अनियमित भएको	१,२०,७५६

५२ उपभोक्ता समितिमार्फत कार्यः

५२.१ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, सडक, खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
५४९-०८०।२।२२	तुमकोट सामुदायिक भवन निर्माण सनपा	भवन निर्माण	१९०२०७
६१-०७९।७।२८	वर्माकुमारी ईश्वरीय विश्वविद्यालय भवन निर्माण	भवन निर्माण	३८८०००
१३६-०८०।३।२४	अर्घाभगवती मन्दिर क्षेत्रमा विद्धुत मर्मत उ स	विद्युत	१३६०३६
५५१-०८०।३।१	विन्दावासिनी अधुरो मन्दिर पुर्णता	मन्दिर निर्माण	३३९५००

सैद्धान्तिक बेरुजु

५२.२ **गुणस्तर परीक्षण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११(१०) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितत गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । PCC को M 15 भन्दा बढीको कार्यमा अनिवार्यरुपमा ल्याब टेस्ट गर्नुपर्नेमा सो गरेको छैन । तसर्थ गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन सक्ने देखिदैन। पालिकाले उपभोक्ताबाट सञ्चालित निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय कार्य भएको सुनिश्चत हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५२.३ **लागत सहभागिता** –पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२.४ **प्राविधिक बिल र कार्य सम्पन्न** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ ठेक्का व्यवस्थापन

५३.१ **ठेक्का व्यवस्था** – सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.१४ देखि ३१.३७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित

निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण निम्नानुसार छ ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	रिठेखोला माझहटिया ग्रामिण सडक स्तरोन्नती	१७।०७९।८०	नयाँ नेपाल निर्माण सेवा	१९८२९०९९	१३६०७५४४	३१.३७
२	गंगा सरोवर क्षेत्रको जैविक विविधता तथा प्राकृतिक स्रोत संरक्षण	८।०७९।८०	घोचु निर्माण सेवा	१७१०५६०५	११८९६६१४	३०.४५
३	सहिद सरला मार्ग ग्रामिण सडक स्तरोन्नती	४।०७९।८०	सहिद निर्माण सेवा	१९५००२३०	१३८२२१३७	२९.१२
४	ढोरपाटन वेहोरे कुर पल्लावारी दुवार गच्छ सडक स्तरोन्नती	९।०७९।८०	पि टि आर अधिकारी पौडेल श्रीकृष्ण जे भी	१०८०६९७३३	७७६८१८०२	२८.०६
५	जनता आ वि भवन निर्माण	१३।०७९।८०	अमृत निर्माण सेवा	३०७२५२६	२२२३२६२	२७.६४

सैद्धान्तिक बेरुजु

५३.२ **ठेक्का अभिलेख** – सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान– सन्धिखर्क नगरपालिका, अर्घाखाँची

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	खुमलाल भुसाल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	नवराज गौतम	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,४३२,९०८.९२	७,६५२,६८८	०	०	०	६४८,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१०,७३३,५९६.९२
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,१६०,४३३.९२
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					९,५७३,१६३

आर्थिक कारोवारको स्थिति

स्थानीय तह : – सन्धिखर्क नगरपालिका **अनुसुची – १**

गत बर्षको जिम्मेवारी		७६६१८९४२.६	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	७२८६३८७२७	**चालु खर्च**	४४८२८५०९०
प्रदेश सरकारबाट अनुदान	४७०५८७८०	**पूँजीगत खर्च**	४९३९८२७५१
राजश्व बाँडफाँट	१०७६३७०७९.०५	**वित्तीय/अन्य व्यवस्था**	२३२१८१९६२.१२

आन्तरिक आय	३५०९१९०२.९४		
अन्य आय	२३९८५२३८५.३३		
कुल आय	११५८२७८८७४.३२	**कुल खर्च**	११७४४४९८०३.१२
बाँकी मौज्दात		६०४४८०१३.८	

अनुसूची-२

म.ले.प.फा.नं. २७२ अनुसार एकिकृत आय व्यय

प्रासी भुक्तानी हिसाव						
विवरण	टिप्पणी	यस वर्ष रु.			गतवर्ष रु.	
		बजेट	आफैले गरेको प्रासि/भुक्तानी	जम्मा	आफैले गरेको प्रासि/भुक्तानी	जम्मा
प्रासी (क+ख)		१,०३,५२,४८,१९०.००	९१,८१,००,८१७.२२	९१,८१,००,८१७.२२	८१,३०,००,४३८.३४	८१,३०,००,४३८.३४
क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने)		१,०३,५२,४८,१९०.००	९०,५७,२३,१७८.२२	९०,५७,२३,१७८.२२	७९,९९,११,४८०.३४	७९,९९,११,४८०.३४
११००० कर	११	१६,७८,११,०००.००	१३,६१,९६,७००.६४	१३,६१,९६,७००.६४	१४,६२,६३,२२१.००	१४,६२,६३,२२१.००
१३००० अनुदान		८१,१२,०२,१३२.००	७६,२९,९४,१९६.२३	७६,२९,९४,१९६.२३	६४,८४,६४,९४१.७०	६४,८४,६४,९४१.७०
संघीय सरकार	१२	७५,६६,२३,१३२.००	७१,३२,१५,६४४.२३	७१,३२,१५,६४४.२३	५९,०३,१२,४७९.७०	५९,०३,१२,४७९.७०
प्रदेश सरकार	१२	४,७०,७९,०००.००	४,६७,८९,५१२.००	४,६७,८९,५१२.००	४,६५,३४,८१५.००	४,६५,३४,८१५.००
अन्तरिक श्रोत		७५,००,०००.००	२९,८९,०४०.००	२९,८९,०४०.००	१,१६,१७,६४७.००	१,१६,१७,६४७.००
१४००० अन्य राजस्व		०	६५,३२,२८१.३५	६५,३२,२८१.३५	३३,९४,९७९.५०	३३,९४,९७९.५०
१५००० विविध प्रासि		०	०	०	१७,८८,३३८.१४	१७,८८,३३८.१४
३२००० वित्तीय सम्पत्ति		५,६२,३५,०५८.००	०	०	०	०
ख. अन्य प्रासि			१,२३,७७,६३९.००	१,२३,७७,६३९.००	१,३०,८८,९५८.००	१,३०,८८,९५८.००
वितरण गर्न बाकी राजस्व		०	०	०	०	०
कोषहरु		०	५,९५,०००.००	५,९५,०००.००	०	०
धरौटी		०	१,१७,८२,६३९.००	१,१७,८२,६३९.००	१,३०,८८,९५८.००	१,३०,८८,९५८.००

भुक्तानी (ग+घ)		१,०३,५२,४८,१९०.००	९४,९२,९६,६५८.०३	९४,९२,९६,६५८.०३	८३,२३,६१,६००.८५	८३,२३,६१,६००.८५
ग. भुक्तानी (सञ्चित कोषबाट)		१,०३,५२,४८,१९०.००	९४,२२,६७,८४१.८३	९४,२२,६७,८४१.८३	८२,६३,३८,२२१.८५	८२,६३,३८,२२१.८५
२१००० पारिश्रमिक / सुविधा	१८	३५,५७,४६,०००.००	३३,८६,५२,०७४.१८	३३,८६,५२,०७४.१८	२७,६३,६४,३४६.८३	२७,६३,६४,३४६.८३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	७,५१,३०,४१६.००	६,१६,२५,५४४.८६	६,१६,२५,५४४.८६	१०,४९,२२,२२४.९८	१०,४९,२२,२२४.९८
२५००० सहायता (Subsidy)	१८	३,६०,०००.००	३,६०,०००.००	३,६०,०००.००	१,१०,०९,०३०.००	१,१०,०९,०३०.००
२६००० अनुदान	१८	५,४७,१४,०००.००	४,४६,७९,५२१.४०	४,४६,७९,५२१.४०	०	०
२७००० सामाजिक सुरक्षा	१८	२२,००,०००.००	२१,७७,५९१.००	२१,७७,५९१.००	७९,२९,३६५.००	७९,२९,३६५.००
२८००० अन्य खर्च	१८	९,००,०००.००	७,९०,३५९.००	७,९०,३५९.००	६,१९,२००.००	६,१९,२००.००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	५४,६१,९७,७७४.००	४९,३९,८२,७५१.३९	४९,३९,८२,७५१.३९	४२,५४,९४,०५५.०४	४२,५४,९४,०५५.०४
घ. अन्य भूक्तानी			७०,२८,८१६.२०	७०,२८,८१६.२०	८३,२३,६१,६००.८५	८३,२३,६१,६००.८५
कोषहरु		०	०	०	१६,१३०.००	१६,१३०.००
धरौटी		०	७२,२५,४०८.००	७२,२५,४०८.००	६०,०७,२४९.००	६०,०७,२४९.००
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१,९६,५९१.८०)	(१,९६,५९१.८०)		
ङ. यो वर्षको बचत (न्युन)			(३,११,९५,८४०.८१)	(३,११,९५,८४०.८१)	(१,९३,६१,१६२.५१)	(१,९३,६१,१६२.५१)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			७,८२,५४,६४२.५४	७,८२,५४,६४२.५४	९,६०,७३,२००.४९	९,६०,७३,२००.४९
वर्षान्तको बाकी रकम (ङ + च)			४,७०,५८,८०१.७३	४,७०,५८,८०१.७३	७,६७,१२,०३७.९८	७,६७,१२,०३७.९८
बैंक तथा नगद बाकी	२४		४,७०,५८,६०१.७३	४,७०,५८,६०१.७३	७,६७,१२,०३७.९८	७,६७,१२,०३७.९८